Pragyan Volume : 7, Issue : 1, 2079, ISSN : 2661-6068
DOI: https://doi.org/10.3126/pragyan.v7i1.55157

# 'खीर' कथामा आयामिक लेखन

*पुस्कर आचार्य*
*उपप्राध्यापक*
*त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*
*इमेल : puskar.acharya01@gmail.com*

**लेखसार**

*प्रस्तुत आुसन्धानमूलक लेख इन्द्रबहादुर राईको खीर कथाको विश्लेषणमा केन्द्रित छ । प्रस्तुत कथा राईको कथास्था कथा सङ्ग्रहमा संकलित रहेको छ । खासगरी दार्जीलिङ सेरोफेरोको निम्नवर्गीय नेपाली जीवनका संघर्ष र यथार्थलाई कथामा देखाउने आयामेली कथाकार राईको खीर कथालाई आयामेली साहित्यिक आन्दोलनका चिन्तन र मान्यताबाट यहाँ विश्लेषण गरिएको छ । नेपाली साहित्यमा देखिएका विभिन्न आन्दोलनमध्ये आयामेली आन्दोलन एक चर्चित र महत्वपूर्ण साहित्यिक आन्दोन हो । यही आयामेली आन्दोलनले स्थापित गरेको साहित्यिक मान्यता वा लेखनलाई आयामेली साहित्य वा लेखन भनिन्छ । आयामेली स्रष्टा राईको खीर कथामा आयामेली चिन्तन र लेखनको कसरी प्रयोग गरिएको छ ? भन्ने मूल प्रश्न वा समस्यामा केन्द्रित भई आयामेली साहित्यिक मान्यताका सापेक्षतामा खीर कथाको अध्ययन विश्लेषण यस लेखमा गरिएको छ । जीवनलाई सम्पूर्णतामा हेर्ने नवीन दृष्टिकोण आयामेली दृष्टिकोण हो । यसले जीवनको गहिराइ अर्थात् तेस्रो आयामलाई चिनाउने काम गरेको हुन्छ । खीर कथामा खीर प्रसङ्गबाट जीवन ज्यामीले पकाएको खीरजस्तै छ भन्ने निष्कर्ष आयामिक मान्यताका आधारमा निकालिएको छ ।*

**शब्दकुञ्जी :** घनत्व, चिद्वैषम्य, तेस्रो आयाम, वस्तुता, सम्पूर्णता

# 'KHEER' DIMENSIONAL WRITING

*Puskar Acharya*

**Abstract :**

*The present research article focuses on the analysis of Indra Bahadur Rai's Kheer story. The present story is collected in Rai's Kathastha story collection. The author of the story, which shows the struggle and reality of the lower-class Nepali life of Darjeeling Serofero and it has been analyzed from the thinking and recognition of the literary movement here. Among the various movements seen in Nepali literature, Dimeneli movement is a well-known and important literary movement. The literary belief or writing established by this dimensional movement is called dimensional literature or writing. How dimensional thinking and writing used in the kheer story of the dimensional creator Rai was focused on the original question or problem, the study and analysis of Kheer Katha has been done in this article in relation to dimensional literary standards. A new approach to looking at life as a whole is a dimensional approach. It has worked to identify the depth of life, i.e. the third dimension. In Kheer Katha, from the context of kheer, the conclusion that life is like kheer cooked by Jamie has been drawn based on dimensional assumptions.*

**Keywords:** *Density, heterogeneity, third dimension, objectivity, totality.*

## विषय परिचय

आयामेली लेखकको परिचय बनाएका इन्द्र बहादुर राई (१९८४) दार्जीलिङमा रहेर नेपाली भाषा साहित्यको क्षेत्रमा लागिपर्ने विशिष्ट साहित्यकार हुन् । नेपाली साहित्यका कथा, उपन्यास र समालोचना विधामा कलम चलाउने राईले कानुनमा स्नातक र अङ्ग्रेजी विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्त गरेका छन् । रातभरि हुरी चल्यो (२०१६) कथा लेखेर कथा लेखनको आरम्भ गरेका राईका विपना कतिपय (२०१७), कथास्था (२०२८) र कठपुतलीको मन (२०४६) गरी तीनवटा कथा सङ्ग्रहहरू प्रकाशित भएका छन् । राईको 'आज रमिता छ' २०२१ उपन्यास पनि निकै चर्चित रहेको छ । कथा लेखनको थालनीमा सामाजिक यथार्थवादी कथा लेख्ने राईले क्रमश : आयामेली लेखन हुँदै लीलालेखनलाई कथाको आधार बनाएका छन् ।

नेपाली साहित्य क्षेत्रका चर्चित आन्दोलनमध्ये एक महत्वपूर्ण आन्दोलनका रूपमा रहेको आयामेली आन्दोलनका तीन प्रवर्तकमध्ये एक इन्द्रबहादुर राई हुन् । उनले आख्यानका क्षेत्रमा आयामेली साहित्य सिर्जना गरेका छन् भने कविताका क्षेत्रमा ईश्वर बल्लभ र वैरागी काँइलाले कलम चलाएका छन् । राईको कथा लेखनको दोस्रो चरणमा लेखिएको कथास्था सङ्ग्रहका कथाहरू आयामेली चिन्तन अर्थात् मान्यतामा आधारित छन् । कथाका क्षेत्रमा नयाँ चेतना लिएर देखापरेका उनका आयामेली कथाहरू जीवनविषयक सूक्ष्म

तथा गम्भीर अर्थबोधमा केन्द्रित छन् (श्रेष्ठ, २०६०, पृ.१५५) । परम्परित कथालेखनभन्दा भिन्न शैली र मान्यतामा लेखिएको कथास्था सङ्ग्रहमा संकलित खीर कथालाई मुख्य विषय बनाइ यस समालोचनात्मक लेखमा विश्लेषण गरिएको छ । परम्परित साहित्य लेखनलाई चेप्टो घोषणा गर्दै गोलो साहित्यको सिर्जना गर्नुपर्ने मान्यतासँगै थालिएको तेस्रो आयामको मान्यतालाई प्रस्तुत गर्नुका साथै आयामिक लेखनका दृष्टिकोणबाट महत्वपूर्ण मानिएको तर यस कोणबाट विस्तृत अध्ययन नगरिएको हुँदा यस लेखमा सोही अभाव पूर्ति गर्ने उद्देश्यले अध्ययनलाई अगाडि बढाएको छ । यस लेखमा खीर कथामा आयामेली मान्यताको के कसरी प्रयोग गरिएको छ ? भन्ने मूल प्रश्नमा केन्द्रित भई विश्लेषण गरिएको छ । आयामिक लेखन मान्यताका आधारमा जीवन र कथा लेखनसम्बन्धी नवीन दृष्टिकोण स्थापित भएको कुरा विश्लेषण गरी मूल्य निरूपण गरिएको छ ।

## अध्ययनविधि

कथाकार इन्द्रबहादुर राईको 'खीर' कथालाई आयामिक दृष्टिकोणबाट अध्ययन गर्न लेखमा उठाइएको समस्या समाधानका निम्ति मूलत : दुई प्रकारका सामग्रीको सङ्कलन गरिएको छ । अध्ययन तथा विश्लेषणको मूल आधार सामग्री अर्थात् प्राथमिक स्रोतका रूपमा कथाकार राईको कथास्था कथा सङ्ग्रहभित्रको 'खीर' कथालाई लिइएको छ । यसैगरी कथा अध्ययनको सैद्धान्तिक आधार निर्माणका लागि आयामेली चिन्तन र साहित्यसम्बन्धी चर्चा गरिएका विभिन्न दृष्टिकोणलाई द्वितीय सामग्रीका रूपमा उपयोग गरिएको छ । यी सामग्रीको सङ्कलन मूलत : पुस्तकालयलाई केन्द्रमा राखेर गरिएको छ । यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउन वर्णनात्मक, व्याख्यात्मक, पहिचानात्मक र विश्लेषणात्मक विधिको उपयोग गर्दै लेखलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी निष्कर्षमा पुऱ्याइएको छ ।

## आयामिक लेखनको सैद्धान्तिक आधार

नेपाली भाषा साहित्यका क्षेत्रमा चलेका विभिन्न आन्दोलनहरूमध्ये एउटा चर्चित र महत्वपूर्ण आन्दोलन आयामेली आन्दोलन हो । यस आन्दोलनसँग सम्बन्धित साहित्य वा लेखनलाई आयामेली साहित्य वा आयामिक लेखन भनिन्छ । आयाम शब्द संस्कृतबाट आएको हो र यसको अर्थ वस्तुको लम्बाइ, चौडाइ वा मोटाइमध्ये एक हो । आयामिक भन्नाले लम्बाइ, चौडाइ र गहिराइ सबै मिलेको भन्ने बुझिन्छ । (मल्ल, २०५५, पृ.१००) । आयामेली साहित्य सामाजिक जीवनभित्रका सम्पूर्ण पक्षलाई समष्टिरूपमा बुझाउने अमेरिकी साहित्यको तेस्रो आयामसँग (Third Dimension) नजिकको मानिन्छ (सुवेदी, २०५१, पृ.२२९) । आयामेली आन्दोलन दार्जीलिङबाट इ.१९६३ मई महिनामा तिलविक्रम नेम्वाङ (वैरागी काँइला)को सम्पादनमा निस्किएको तेस्रो आयाम पत्रिकाको पहिलो अङ्कबाट सैद्धान्तिक घोषणसहित थालनी भएको देखिन्छ (मल्ल, २०५५, पृ.१००) । आयामेली सिद्धान्तका प्रवर्तक, चिन्तक र साहित्य सर्जकहरू क्रमश : बैरागी काँइला, इन्द्रबहादुर राई र ईश्वर बल्लभलाई मानिन्छ । (श्रेष्ठ, २०६०, पृ.१३०) ।

आयामेली साहित्य विभिन्न चिन्तन र दर्शनबाट प्रभावित देखिन्छ । खासगरी जेस्टालवादी मनोविज्ञान, घनत्ववाद, हेलियोग्राफ, सामूहिक अवचेतनजस्ता विचार र चिन्तन यसका प्रभावस्रोत मानिन्छन् (मल्ल, २०५५, पृ.१००) । आयामेली मान्यताका बारेमा आयामेली सर्जक इन्द्रबहादुर राईले

कथास्था कथा सङ्ग्रहको कथा र आस्था खण्डमध्ये आस्था खण्डमा सम्पूर्णता, वस्तुता, चित्र र मूल्यको बारेमा चर्चा गरेका छन् । उनले आयामिक चिन्तनको गर्भमा रहेका विभिन्न चिन्तक र दर्शनको स्रोतसमेत उल्लेख गरेका छन् । परम्परित साहित्यलाई चेप्टो घोषणा गर्दै कोरा आदर्श र भावुक ठान्ने यस आन्दोलनले जीवनको पूर्ण आयाम अर्थात सम्पूर्णताको खोजी गरेको छ । आयामेली साहित्यको महत्वपूर्ण पक्ष तेस्रो आयाम हो । तेस्रो आयाम भनेको गहिराइ वा मोटाइ हो, यसले मानिसको बौद्धिकताको प्रतिनिधित्व गर्दछ (भट्टराई २०४९, पृ.१५०) ।

सम्पूर्णता लेखौं, र सम्पूर्णता बाँचौ भन्ने दृष्टिकोणसहित आयामेली लेखनको थालनी भएको देखिन्छ । आयामेली चिन्तक बैरागी काँइला, ईश्वर बल्लभ र इन्द्रबहादुर राईले यस सिद्धान्तका बारेमा बेग्लाबेग्लै विचार र मतहरू प्रस्तुत गरेका छन् । यी समग्र चिन्तनको समष्टिमा देखिएका प्रमुख मान्यताहरू हुन् - १. वस्तुको तीनआयाम (घनत्व), २. सम्पूर्णता ३. वस्तुता, ४. चित्रको सोभ्रो साम्य भाषा ५. आद्यस्वरूप ( मल्ल, २०५५, पृ.१०२) ।

आयामेली साहित्यिक चिन्तनको एउटा महत्वपूर्ण पाटो घनत्व हो । कुनै पनि वस्तुका लम्बाइ, चौडाइ र गहिराइ तीन आयाम हुन्छन् । तीनै आयामको अभावमा वस्तुको सम्पूर्ण चित्रण सम्भव छैन । कुनै एउटा आयामको अभावमा लेखिने साहित्यलाई च्याप्टो भनियो जुन भावुक हुन्छ । आयामेली साहित्यको अर्को महत्वपूर्ण पक्ष सम्पूर्णता हो यसले विभाजन र खण्डित अवस्थालाई स्वीकार्दैन । आयामेली सम्पूर्णतालाई यसरी चिनाउन सकिन्छ - मानिस आँखामात्र, कानमात्र, मनमात्र होइन । ऊ जम्मै इन्द्रीय, हृदय, मस्तिष्कको पुञ्ज हो र अब लेखिने प्रत्येक वाक्य र पङक्तिले उसको सम्पूर्णतालाई समाउनुपर्छ, उचाल्नुपर्छ । यो गर्न हाम्रो प्रत्येक कृतिले तृतीय आयाम आफूमा ल्याउन सक्नुपर्छ (भट्टराई, २०४९, पृ.१५१) । वस्तुता आयामेली साहित्यको अर्को महत्वपूर्ण पक्ष हो । आयामिक साहित्यको अर्थात् सिद्धान्तको खास अर्थ नै वस्तुता हो । मानिसले दिएको अर्थ र विशेषणभन्दा ती आफैमा स्वतन्त्र हुन्छन् । वस्तु जे हो त्यही नै त्यसको सत्य हो । यस सन्दर्भमा इन्द्रबहादुर राई भन्छन् - "वस्तुको स्वातन्त्र्य'वस्तुता' हो ; ज्ञानका विषयवस्तुको वा चेतना आफैको वस्तुमा अनावरण 'वस्तुत्व' हो । हाम्रो ज्ञानदेखि, हामीदेखिनै वस्तुहरू पूर्णत : स्वतन्त्र रहेछन् भने हामीले ओढाइदिएका अर्थहरू हामीले टाँसिदिएका मूल्यहरूदेखि समेत ती स्वतन्त्र छन् " (राई, इ.१९७२, पृ.८७) । आयामेली साहित्यको अर्को महत्वपूर्ण पक्ष भाषिक अभिव्यक्तिलाई मानिन्छ । आयामेली सर्जकहरू चित्रकलाको सोभ्रो साम्य भाषाको प्रयोग गर्न रूचाउँछन् । आयामेली आन्दोलन वस्तुता र सम्पूर्णताकै निम्ति चित्रात्मक अनुभूति दिन प्रवृत्त भएको पाइन्छ । भाषालाई भाँच्नुको प्रयोजन अनुभूतिको तत्क्षणता सम्प्रेषित गर्नु हो । यस आन्दोलनको अर्को मौलिकता कृतिमा अर्थ निरपेक्षता कायम राख्नु मानिन्छ (श्रेष्ठ, २०७०, पृ.१३१) । यसैगरी आद्यस्वरूपको प्रस्तुति आयामेली साहित्यको अर्को महत्वपूर्ण दृष्टिकोण मानिन्छ । कृतिमा जीवनको सम्पूर्णता प्रकट गर्न मान्छेका आदिम प्रवृत्ति अर्थात् वंशानुगत प्रवृत्तिलाई आयामेलीहरूले अँगालेका हुन्छन् । आद्यस्वरूप सामूहिक अवचेतनका बिम्बहरू हुन् । आयामिक चिन्तकहरू आद्यस्वरूपलाई अँगाल्न कालको निरन्तरता खोज्दछन् (मल्ल, २०५५, पृ.१०२) । आयामिक लेखनमा मिथकीय तथा आद्य बिम्बको प्रयोग गर्दै साहित्य सिर्जना गरिएको हुन्छ ।

समग्रमा आयामेली लेखन वा आयामेली साहित्य नेपाली साहित्यका क्षेत्रमा देखिएको नवीन लेखन धारा वा साहित्यिक चिन्तन धारा हो । यो लेखन केही विवादित रहे पनि निकै चर्चित र प्रभावशाली मानिन्छ । आयामेली आन्दोलन नेपाली साहित्यको एउटा जर्बजस्त आन्दोलन हो र यसले जीवनप्रति नवीन दृष्टिकोण राखेको देखिन्छ । आयामेली साहित्य अमूर्त र दुर्बोध्य मानिन्छ । नेपाली कथा र कविताका क्षेत्रमा विशेषरूपमा देखा परेको यो आन्दोलनले त्यति तिब्रता भने पाएको देखिदैन । आयामेली स्रष्ता मध्येका एक इन्द्रबहादुर राईको कथास्था सङ्ग्रहमा संकलित 'खीर' कथालाई आयामेली साहित्य लेखनका दृष्टिकोणले विवेचना गर्ने प्रयास प्रस्तुत लेखमा गरिएको छ ।

## आयामिक लेखनका दृष्टिबाट खीर कथाको विश्लेषण

कथाकार इन्द्रबहादुर राईको 'खीर' कथा कथास्था (२०२८) सङ्ग्रहमा संकलित आयामिक कथा हो यस कथामा जीवनका विभिन्न आयामलाई देखाउने काम गरिएको छ । आयामिक लेखनका परिधिमा रहेर राईले जीवनविषयक सत्यको खोजी गर्ने काम यस कथामा गरेका छन् ।

### खीर कथाको कथ्य

कथाकार राईको 'खीर' कथा मध्यम आयाममा संरचित खीरको प्रसङ्गलाई जोडिएको कथा हो । यस कथामा चार वर्ष अगाडिको घटनालाई कथाकारले खीरलाई जीवनसँग तुलना गरेको पाइन्छ । यस कथामा निम्नवर्गीय जीवनका अभाव, पीडा र नपुगलाई आयामिक दृष्टिबाट कथाकारले देखाएका छन् । कथाअनुसार म पात्रलाई टिष्टा नदीको कलकल र सुसाएको सुन्ने धेरै पहिलेदेखिको चाहना र रहरअनुरूप एकदिन गान्तोकबाट फर्कदै गर्दा टिष्टामा बास बस्छन् । बास बस्ने डाकबंगलाका कोठाहरू मरमत भइरहेका हुन्छन् । म पात्र बसेको छेवैको कोठामा काम गर्ने ज्यामीहरू बसेका हुन्छन् । संयोगवश त्यसै दिन ती ज्यामीहरूको विशेष दिन अर्थात् खीर खाने दिन परेको हुन्छ । उनीहरूले खीर पकाउने योजना बनाइरहेका हुन्छन् । म पात्रलाई खानेकुरा गरेको कुरा मन नपरे पनि सुन्न बाध्य हुन्छन् । उनीहरूले मीठो खीरका लागि आवश्यक दूध, चामल, किसमिस, पेश्ताजस्ता थुप्रै सामान चाहिने र उक्त सामग्रीलाई रापिलो धीमा आँचमा पकाउनु पर्ने कुरा गरेका हुन्छन् । एकछिनपछि खीर तयार भइसक्छ, उनीहरू खाने तरखरमा लाग्छन् । खीर खानै लाग्दा खीर बासनाहीन, चिनी हालेको दूधभात जस्तो मात्रै हुन्छ । आफैले पकाएको खीरप्रति उनीहरू हाँस्न थाल्छन् कथाको मुख्य घटना सकिन्छ । यसरी ४ वर्ष अगाडिको एउटा सानो घटनालाई स्मरण गर्दै कथाकारले जीवन त्यही ज्यामीले पकाएको खीरजस्तै भएको कुरालाई प्रस्तुत गरेको पाइन्छ ।

### 'खीर' कथामा आयामिक प्रयोग

कथाकार इन्द्रबहादुर राईको 'खीर' कथा आयामिक लेखनका दृष्टिले महत्वपूर्ण कथा मानिन्छ । कथाकार राईको कथायात्राको दोस्रो चरणमा लेखिएका कथाहरूको सङ्ग्रहका रूपमा कथास्था कथा संग्रह प्रकाशन भएको देखिन्छ । यस सङ्ग्रहमा रहेका सबै कथाहरूमा आयामिक मान्यताको प्रयोग गर्दै जीवनलाई नयाँ आयामबाट हेर्ने प्रयास गरिएको पाइन्छ । कथास्था सङ्ग्रहमा रहेका नौ वटा कथामध्ये दोस्रो कममा रहेको विवेच्य 'खीर' कथामा जीवनलाई खीरसँग तुलना गरिएको छ । खासगरी दार्जीलिङ्ग सेरोफेरोको

निम्नवर्गीय जीवनका संघर्ष र समस्यालाई कथामा उतार्ने राईले यस कथामा टिष्टाको सेरोफेरोलाई विषयवस्तु बनाएका छन् । एक दिनको सामान्य घटनालाई विषय बनाएर कथाकारले यस कथामा जीवनसम्बन्धी नवीन र गहिरो दृष्टिकोण प्रस्तुत गरेको देखिन्छ ।

परम्परित साहित्य लेखनलाई चेप्टो, कोरा आदर्श र भावुक भएको भन्ने आरोप लगाउदै जीवनका सम्पूर्ण आयामलाई समेट्ने साहित्यको सिर्जना गर्नुपर्ने आयामेली साहित्यको मान्यताअनुरूप यस कथामा जीवनको आदर्श र यथार्थबीचको भिन्नतालाई प्रष्ट्याइएको छ । कल्पना गरिएको आदर्श जीवन र साँच्चैमा बाँच्दै गरेको जीवन नितान्त भिन्न छ भन्ने मान्यतालाई यस कथामा निकै सूक्ष्म र गम्भीर ढङ्गले खीरको घटनाबाट प्रस्तुत गरिएको देखिन्छ । डाक बंगलामा बसेका ज्यामीहरूले खीर खाने योजना बनाएका हुन्छन् । मीठो खीरको लागि दश सेर दूध, कालो नुनिया पुरानो चामल, पेश्ता, किसमिस, हाडेबदाम, दालचिनी, नरिवल, तेजपात, ल्वाङ राखेर धीमा आँचमा पकाएमा खीर स्वादिलो, तागतिलो र बासनादार हुने आदर्श खीरको कल्पना उनीहरूले गरेका हुन्छन् । वास्तवमा उनीहरूसँग खीरका लागि न पैसा हुन्छ न सामग्री नै जुटाउन सक्छन । जम्माजम्मीमा चार सेर दूध, अलुवाको चामल र चिनी मात्रै हुन्छ । उनीहररूले पकाएको खीर निकै खल्लो हुन्छ । खीर खादै गर्दा एउटा चिनी थाप्न जान्छ, अर्कोलाई गन्हाउछ, अर्कोले चिनी हालेको गुलियो दूधभात जस्तो मात्रै भएछ भनी टिप्पणी गर्छ । आफैले पकाएको खीरप्रति हाँस्न थाल्छन् । उनीहरूको खीर कल्पनाभन्दा निकै बाहिरको हुन्छ । उनीहरूले कल्पना गरेको खीर र खाँदै गरेको खीर जस्तै आदर्श र यथार्थ जीवनबीच फरक हुने मान्यतालाई कथामा प्रस्तुत गरेको देखिन्छ । आयामिक स्रष्टा जीवनवादी हुन्छन र आदर्शले छोपेको जीवनलाई सग्लो मान्दैनन् जसरी ज्यामीहरूको खीर सोचेभन्दा निकै फरक देखिन्छ । आदर्शले ढाकिएको जीवन सहज नहुने र सम्पूर्णता प्रकट नहुने कुरालाई ज्यामीहरूले पकाएको खीरसँग कथामा तुलना गरिएको छ । कथाकार राईले आदर्शशून्य यथार्थ जीवनको वकालत गर्दै सहज प्राकृतिक जीवनको वास्तविकतालाई देखाएका छन् । कल्पना र आदर्शको जीवन ज्यामीहरूले खीर पकाउनुपूर्वको खीर योजना र आवश्यक सामग्रीको भन्थन भएको र वास्तविक यथार्थ जीवन पाकिसकेको खीर अर्थात् चिनी हालेको दूध भात जस्तै भएको कुरालाई देखाइएको पाइन्छ । वस्तु जे हो त्यही लेखन वा साहित्यमा आउनुपर्छ त्यहाँ लेखकको कुनै अतिकमण वा आग्रह हुनुहुदैन भन्ने आयामेली मान्यताअनुसार खीर कथामा जीवनको वास्तविक स्वरूपलाई चिनाइएको छ । जीवन जस्तो बाँचिन्छ, भोगिन्छ त्यही नै जीवन हो भन्ने कुराको खोजी खीर कथामा गरिएको छ । जीवन सोचाइ र धारणाजस्तै सहज छैन भन्ने कुरालाई कथामा यसरी प्रष्ट पारिएको छ - “सब चिज जुक्ताएर मात्रै कहाँ हुन्छ, पकाउने सिप हुनुपर्छ एउटाले थाल्यो, सेतो वाफ जस्तो” (राई, इ.१९७२ पृ.११) । जीवन बाँच्दाका अभाव र अपुगलाई कथामा यसरी व्यक्त गरिएको पाइन्छ - “उसो भए मुश्किल रैछ खीर खानु ! तेस्रोले तीतो करायो - असम्भव रैछ” (उही पृ.११) जीवन बाँच्नु पनि त्यही खीर जस्तै असजिलो र अफ्ठेरो छ भन्ने कुरालाई कथामा देखाइएको छ । जीवनलाई अनेक थोक वा आदर्श हालेर खल्लो पार्न नहुने र जीवनलाई सहज प्राकृतिक जीवन बाँच्न दिनुपर्ने कुरालाई कथाकारले यसरी देखाएका छन् - “जीवन के टिस्टा जस्तो नहोला जुन, जहाँ, जसरी बगे पनि आदर्श नै छ ? (उही, पृ.१२) । वास्तविक जीवन चिनाउने प्रयास गरिएको यस कथामा जीवनको सम्पूर्ण आयाम ( सम्पूर्णता) र वस्तुतालाई कथाकारले देखाएका छन् । जीवनको वास्तविक रूप अर्थात् जीवनको गहिराइलाई

छाम्ने काम कथामा गरिएको देखिन्छ । आदर्श र यथार्थ जीवनको द्वन्द्व वा फरकपनालाई कथाकारले यसरी प्रस्तुत गरेका छन् -

> तिनीहरूले पकाएको खीर 'जीवन' जस्तो रहेछ : जीवनलाई यसरी पो बाँच्नुपर्ने, जीवनलाई उसरी पो बाँच्नुपर्ने, जीवनलाई उसरी पो काममा लगाउनुपर्ने, प्रयोग गर्नुपर्ने भन्ने थुप्रै-थुप्रै आदर्शहरू हाम्रा मनभरि छन तर साँच्चैमा बाँच्दाका भूल अपुग र भत्कोसहरूले नछोड्ने हाम्रा यो यथार्थ जीवन तिनीहरूकै खीरजस्तो भइरहन्छ जुन तिनीहरूले कुरा गरिरहेको आदर्श खीरको व्यंग्यजस्तो मात्र थियो । (उही, पृ.१२)

आयामेली साहित्य बौद्धिक र अमूर्त हुने हुनाले यस कथामा पनि सामान्य खीरको घटनालाई प्रस्तुत गर्दै जीवनविषयक सत्यको खोजी गरिएको छ । वस्तुको स्वतन्त्र अर्थमा महत्व दिने आयामेली साहित्यअनुरूप यसकथामा खीरको स्वतन्त्र अर्थलाई प्रकट गरिएको छ । जीवनसम्बन्धी नवीन दृष्टिकोणलाई प्रतिकात्मकरूपमा देखाउँदै जीवनको गहिराइ छामेर कथाकारले बौद्धिकताको प्रयोग गरेको देखिन्छ ।

आयामेली साहित्यकारले भाषिक प्रयोगमा पनि नवीनता चाहन्छन् । सोहीअनुरूप खीर कथामा पनि नवीन भाषिक प्रयोग पाइन्छ । आयामेली लेखनमा प्रत्येक वाक्यले सम्पूर्णता व्यक्त गर्न सक्नुपर्ने र भूत, वर्तमान र आगतलाई समेट्नुपर्ने कुरामा जोड दिइएको हुन्छ । कथामा प्रयोग भएका अधिकांश वाक्यले यही कुराको पुष्टि गरेका छन् - "चोरेर होस्, कमाएर होस्, अर्काको ऋण नतिरेरै होस् जसरी पनि खाइहालेर बाँच्दै गर्नुपर्छ, बाँचिरहनु सक्नुपर्छ " (उही, पृ.१०) । सम्पूर्णतालाई प्रकट गर्न परम्परित भाषाले थेग्न नसक्ने भन्दै भाषा र व्याकरणलाई पनि आयामेलीहरू भाँच्ने गर्छन् । सोही मान्यताअनुरूप कथामा यसरी प्रस्तुत गरिएको छ -

> महान भन्न मन लाग्ने हरियो-निलो जलराशिको बग्दो फैलावट माथिका सुप्तझैँ बालुवाहरूमा अनेकौ विगतका करडहरू कोरिएर रहेको, हावाको वेगले पँखा लागेर वरपरका जम्मै झार-जङ्गलहरू हल्लिरहेको कल्पनाबीच टिस्टाको हरररर भित्र कतै छुट्टै छलछलको आवाज, कतै भिन्दै भुरूरूरू-हरू पनि भएको र बजेको याद आउँथ्यो..। (उही, पृ.८)

भिन्न भिन्न संवेदनालाई एकैसाथ प्रस्तुत गर्ने चिद्‌वैषम्य भाषाको प्रयोग तथा चित्रकलाको सोझो साम्य भाषाको प्रयोग खीर कथामा भएको पाइन्छ । स्वाँ लामो ढाक्दो आवाज, चहकिलो सेतो असजिलो, तीतो करायो, सेतो वाफ जस्तो पदावलीले भिन्न भिन्न संवेदनालाई एकैसाथ देखाएको पाइन्छ । आद्य बिम्ब र नवीन बिम्बको प्रयोग कथामा यसरी गरिएको छ - "ओढार परेका चङ्काला आँखाको चित्र दिने एउटा स्वरले किटान गरीगरी भनिरहेको थियो" (उही, पृ.९) । यसैगरी कथामा बिम्बको यसरी प्रयोग गरिएको छ - 'चार सेर दूध हालेको खीर !' पनि भन्यो : यस्तरी भन्यो जस्तो कि त्यो कुरा कुनै कालो फाटेको टालो हो र उचालेर सबलाई उसले देखाइरहेछ (उही, पृ.९) । विभिन्न बिम्बको प्रयोग अमूर्त र बौद्धिक लेखन, भाषिक विचलन तथा व्याकरणिक नियमलाई भाँच्ने जस्ता कुराले कथा केही दुर्बोध्य र जटिल बनेको देखिन्छ । राईका कथास्था सङ्ग्रहका अन्य कथा भन्दा खीर कथा केही सरल रहेको छ ।

## निष्कर्ष

कथाकार इन्द्रबहादुर राईको कथास्था सङ्ग्रहमा संकलित 'खीर' कथा आयामेली कथा हो । जीवनसम्बन्धी नवीन मान्यतालाई प्रस्तुत गरिएको खीर कथा निकै चर्चित र महत्वपूर्ण रहेको छ । राईको कथा लेखनको दोस्रो चरणको थालनीमा लेखिएको यस कथाले आयामेली चिन्तन वा मान्यतालाई आत्मसात् गरेको छ । परम्परित साहित्यलाई कोरा आदर्श र काल्पनिकताको आरोप लगाउँदै अबको साहित्यले जीवनको सम्पूर्णता व्यक्त गर्नुपर्छ भन्ने मान्यताअनुरूप यस कथामा जीवनको सम्पूर्णतालाई देखाउने काम गरिएको छ । जीवन हामीले सोचेको जस्तो सहज, सोझो र आदर्श हुदैन भन्ने कुरालाई खीरको घटनाबाट प्रस्तुत गर्दै यथार्थ र वास्तविक जीवनको चित्र कथामा उतारिएको छ । खीरको प्रसङ्गलाई जीवनसँग तुलना गरी लेखिएको यस कथामा आयामेली मान्यतालाई प्रस्तुत गरिएको छ । सामान्य घटनाको माध्यमबाट जीवनको गहिराइलाई छाम्ने प्रयास गरिएको खीर कथा बौद्धिक अमूर्त भएपनि राईका कथास्था सङ्ग्रहभित्रका अन्य कथा भन्दा सरल रहेको छ । जीवनको वास्तविक स्वरूपलाई चिनाइएको खीर कथा जीवनको भिन्न आयामलाई देखाइएको एक नवीन र उत्कृष्ट आयामेली कथा हो ।

## सन्दर्भ सामग्रीसूची


भट्टराई, गोविन्दराज (२०४९). *काव्यिक आन्दोलनको परिचय.* काठमाडौँ : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

मल्ल, अशेष (२०५५). 'आयामिक लेखन' ईश्वर बरालद्वारा सम्पादित *नेपाली साहित्य कोश.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

राई, इन्द्रबहादुर (इ.१९७२). *कथास्था.* दार्जीलिङ्ग : नेपाली साहित्य परिषद् ।

श्रेष्ठ, दयाराम (२०७०). *नेपाली कथा र कथाकार.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र सम्पा. (२०५१). *स्नातकोत्तर नेपाली कथा.* ललितपुर : साझा प्रशासन